भद्रपुर नगरपालिका
भद्रपुर, झापा
मेची अञ्चल

# नगर सूचना केन्द्रको निर्देशिका
# २०६३

भद्रपुर नगरपालिका
२०६३ मार्ग

## प्रस्तावना :

नगरको तिव्रतर विकास आजको आवश्यकता हो । नगर विकास कार्यका लागि स्थानीय स्तरमा नगरपालिकालाई एक महत्वपूर्ण विकास निकाय र स्थानीय सरकारको रुपमा पनि लिने गरिएको छ स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले नगरपालिकालाई श्रोत संकलनका साथ साथै सहभागितात्मक नगर विकास योजना तर्जुमा, कार्यान्वियन र मूल्याङ्कन गर्ने दायित्व प्रदान गरेको हुँदा यसै सन्दर्भमा यस नगरपालिकामा सूचनामा आधारित नीति तथा योजना पद्धति र पारदर्शीताको विकास गर्न गाउँ-नगर साझेदारी विकास कार्यक्रमको सहयोगमा नगर सूचना केन्द्रको संचालन र विकासमा निरन्तरता प्रदान गर्न निर्देशिकाको आवश्यकता महसुस गरी यो निर्देशिका तयार गरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७६ ले दिएको अधिकार प्रयोग गरी नगर सूचना केन्द्र स्थापना गर्ने गरी बनाइएको देहायको **“नगर सूचना केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका २०६३”** नगरपरिषदको मिति २०६३।०८।०४ को बैठकले स्वीकृत गरी लागू गरेको छ ।

## *खण्ड - १*

### १. प्रारम्भिक:

१.१ यो निर्देशिकाको नाम “नगर सूचना केन्द्र निर्देशिका, २०६३” (Urban Information Centre Manual, 2061), जसलाई छोटकरीमा UIC Manual, 2063 भनिनेछ ।

१.२ यो निर्देशिका भद्रपुर नगरपालिकाको नगर परिषदबाट स्वीकृत भएका मितिदेखि लागू हुनेछ ।

१.३ नगर सूचना केन्द्र भद्रपुर नगरपालिकाको नीति निर्देशनमा संचालन गरिने छ ।

१.४ नगर सूचना केन्द्रको अध्यावधीक तथ्यांक संकलन यस निर्देशिकामा व्यवस्था भए अनुसार हुनेछ ।

## *खण्ड - २*

### २. औचित्य र उद्देश्य :

नगर सूचना केन्द्रको औचित्य र उद्देश्य देहाय बमोजिम हुनेछ ।

**२.१ औचित्य :**

भद्रपुर नगरपालिका भित्र विद्यमान नगर सूचनाको अवस्थाको अध्ययन गर्दा, निम्न लिखित कारणका लागि यहाँ नगर सूचना केन्द्रको स्थापना गर्न जरुरी देखिन्छ ।

क) समुदायको आवश्यकतालाई प्राथमिकीकरण गरेर परियोजनाहरुमा आवश्यता पर्ने स्रोत साधनलाई पनि यस केन्द्रले दिशाबोध गर्नेछ, साथै यस केन्द्रले सहभागितात्मक नगरपालिका विकास योजना र कार्यान्वयनलाई संस्थागत गर्न पनि मदत गर्नेछ ।

ख) स्थानीय स्तरमा सूचनामा आधारित योजना तर्जुमा, मूल्याङ्कन, नीति निर्माण, अध्ययन र अनुसन्धान कार्यको विकासमा यस केन्द्रले मदत गर्नेछ ।

ग) शहरी सूचनाहरु सहज र नियमित ढंगले नागरिकहरुमा प्रवाहित गर्नमा यस केन्द्रले मदत गर्नेछ ।

## २.२ उद्देश्य

क) नगरमा छरिएर रहेका तथ्याङ्क सूचनाहरुलाई एकत्रित, व्यवस्थित र अद्यावधिक गरी नीति निर्माण, विकास योजना तर्जुमा, मूल्याङ्कन, पारदर्शीता विकास र अध्ययन अनुसन्धान कार्यमा सहयोग गर्न ।

ख) नगरपालिकाको योजना प्रभावकारी र व्यवस्थापन कार्यमा सहजीकरण गर्नको साथै सहाभागिता मूलक विकास योजनाकालागि जनप्रतिनिधिहरु, योजनाकार, नगरमा सक्रिय रहेका विभिन्न संघ सस्थाहरु र अन्य इच्छुक वर्गमा सूचनाको पहुच सरल गराउन ।

ग) नगरपालिकामा सूचना तथा तथ्यांक सम्बन्धी श्रोत केन्द्रको रुपमा स्थापना र विकास गर्न ।

# *खण्ड - ३*

## ३. नगर सूचना केन्द्रको संचालन व्यवस्था :

नगर सूचना केन्द्रको प्रयोग देहाय बमोजिम हुनेछ ।

३.१ नगरपालिकाको कार्यालय प्रयोजनका लागि चाहिने सूचना र तथ्याङ्कहरु यस केन्द्रबाट निःशुल्क उपलब्ध हुनेछ ।

३.२ नगरपालिकाका प्रमुख, उप-प्रमुखका साथै सबै इकाईहरुमा प्राप्त हुने सूचना, पुस्तक एवं प्रतिवेदनहरु यस केन्द्रमा रेकर्ड गरेपछि अध्ययन तथा प्रयोगको लागि उपलब्ध गराइनेछ ।

३.३ नगर सूचना केन्द्रबाट भएका सबै आम्दानीहरु यसको विकासका लागि प्रयोग गरिनेछ ।

३.४ नगरपालिकाका जनप्रतिनिधिहरु, नगरपालिका सम्बन्धित विकास एजेन्सिहरुका कर्मचारी, सरकारी, गैर सरकारी संस्थाका कर्मचारी र सम्बन्धित व्यक्तिहरुले यस केन्द्रको अध्ययन कक्षको सदुपयोग गरी उपलब्ध सेवा लिन सक्नेछन् ।

३.५ यो केन्द्र निःशुल्क सेवा नभई शुल्क लिएर सेवा प्रदान गर्ने धारणामा संचालन हुनेछ ।

३.६ नगरपालिकामा अति गोप्य भनी किटान गरिएका सूचनालाई सूचना केन्द्र मार्फत प्रयोग गर्न दिन बाध्य हुने छैन ।

३.७ नगरपालिका भित्रका सबै शाखा, उपशाखा तथा नगरपालिकासँग सम्बन्धित सबै संघ संस्थाहरुसँग छिटो छरितो व्यवहारका लागि अलग अलग फायल खडा गरिनेछ ।

३.८ नगरपालिकाको प्रयोजनकालागि प्रत्येक सम्बन्धित अधिकारी वा शाखा वा इकाईलाई सूचना केन्द्रको २ वटा पुस्तकालय कार्ड दिइनेछ । १ पटकमा ७ दिन भन्दा बढी समयका लागि सूचना सामाग्री दिइने छैन ।

३.९ नियमित रुपमा प्रकाशन हुने समाचार, पत्रिका र अन्य पत्रिका एवं जर्नलहरु केन्द्र भन्दा बाहिर लैजान पाईने छैन ।

३.१० प्रत्येक अभिलेखहरु चलन चल्तीमा आएको कम्प्यूटर सफ्टवेयरको माध्यमबाट संभव भएसम्म कम्प्यूटरमा राख्न प्रयास गरिने छ ।

३.११. सूचना केन्द्रमा भएका इन्टरनेट सुविधा सम्बन्धित अधिकारीको अनुमतिबाट रु. ८।- प्रति मिनेटको दरले इन्टरनेट प्रयोग गर्न सक्ने र प्रिन्ट लिन परेमा प्रति पृष्ठ रु. ५।- मा उपलब्ध गराइनेछ । इमेलको हकमा पनि प्रति मिनेट रु. ८।- नै शुल्क लिइनेछ ।

३.१२ सेवा उपलब्ध गर्न आउने व्यक्ति वा संस्थाले अग्रिम रुपमा निश्चित रकम समितिको निर्णय बमोजिम भुक्तानी गरी प्रयोग गर्न पाउने छन् । सेवा उपलब्ध गरी सकेपछि माथि उल्लेखित दरले रकम कायम गरी बांकी अग्रिम रकम भुक्तानी वा थप रकमको दस्तुर लाग्नेछ ।

३.१३ विदेशी नागरिकहरुको हकमा उपरोक्त सेवा शुल्क दरको दर दोब्बर हुनेछ ।

३.१४ बुंदा ३.१२ र ३.१३ मा उल्लेख भएका सेवा शुल्कहरुलाई संचालन समितिले संसोधन गर्न सक्नेछ ।

## *खण्ड - ४*

### ४. संचालन समिति :

नगर सूचना केन्द्रलाई स्वतन्त्र तथा सुचारु रुपले संचालन गर्न, यसको विकास तथा विस्तार गर्न र केन्द्रलाई मार्गदर्शन एवं केन्द्रलाई यस निर्देशिकामा उल्लेख नभएका कुराहरुमा निर्णय दिन तोकिएका शुल्कहरुमा संसोधन समेत गर्ने कार्यका लागि देहाय बमोजिमको नगर सूचना केन्द्र संचालन समिति रहनेछ । उक्त संचालन समिति नगरपालिका प्रति उत्तरदायी हुनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उप-प्रमुख | सदस्य |
| नगरपालिका सचिव | सदस्य |
| न.पा. प्रशासन शाखा प्रमुख | सदस्य |
| गा.न.सा.शाखा प्रमुख | सदस्य सचिव |

## *खण्ड - ५*

### ५. नगर सूचना केन्द्र कोष र यसको संचालन

५.१. नगर सूचना केन्द्र कोषमा देहाय बमोजिमका रकमहरु रहनेछ ।

क) नगरपालिकाले तोकि दिएको रकम
ख) अन्य स्थानीय निकायबाट प्राप्त रकम
ग) नेपाल सरकारबाट प्राप्त अनुदान सहयोग
घ) विभिन्न संघ संस्थाहरुबाट प्राप्त रकम
ङ) राष्ट्रय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुबाट प्राप्त रकम
च) दातृ संस्थाहरुबाट प्राप्त रकम
छ) विभिन्न कार्यक्रम मार्फत प्राप्त रकम
ज) अन्य रकम

५.२ कोषमा भएको रकम केन्द्रकै कार्यक्रमहरुका लागि खर्च गरिनेछ । यस कोषलाई नगर सूचना कोषको नाममा बैंकमा खाता खोली संचालन गरिनेछ ।

५.३ बैंकमा कोषको छुट्टै खाता खोली संचालन गरिनेछ । खाता संचालन न.पा.सचिव र लेखापालको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

५.४ शुल्कबाट कोषमा जम्मा हुने रकम मध्ये

- ५ % रकम केन्द्रको हेर विचार गर्न खटिने कर्मचारीलाई दिइनेछ
- ३५ % रकम केन्द्रको मर्मत संभारमा,
- ६० % रकम मध्ये संचालन तथा व्यवस्थापन खर्च गरिनेछ,

## *खण्ड - ६*

### ६. विविध

६.१ केन्द्रको काम हेर्न नगरपालिकाबाट कर्मचारी खटाइने छ । निज कर्मचारीको कार्य विवरण समय समयमा संचालन समितिले तोके बमोजिम हुनेछ ।

६.२ केन्द्रको आम्दानी खर्चको लेखा विवरण नगरपालिका कार्यालय द्वारा केन्द्रका लागि खटिएको कर्मचारीले राख्नेछ । साथै सो विवरण संचालन समितिको प्रत्येक बैठकमा पेश गर्नु पर्नेछ ।

६.३ केन्द्रसँग सम्बन्धित यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा यसै निर्देशिका बमोजिम गठित हुने संचालन समितिको निर्णय बमोजिम हुनेछ ।

६.४ यस निर्देशिकामा समिति वा संचालक समिति भन्नाले निर्देशिका बमोजिम गठित संचालन समितिलाई जनाउनेछ ।

६.५ यो निर्देशिका संचालन समितिको सिफारिसमा नगरपालिकाको नगर परिषदले पारित गरेको मितिदेखि लागू गर्ने छ ।